"पर्यटकीय नगरी"
"TOURISTIC MUNICIPALITY"
# सूर्योदय नगरपालिका
# SURYODAYA MUNICIPALITY
## नगर कार्यपालिकाको कार्यालय
## OFFICE OF THE MUNICIPAL EXECUTIVE
फिक्कल, इलाम, कोशी प्रदेश, नेपाल
Fikkal, Ilam, Koshi Province, Nepal

प.सं. ०८१/०८२/प्रशासन
च.नं.

मिति: २०८२।०२।२२ गते

**अपाङ्गता भएका व्यक्तिहरूको जीविकोपार्जन सुधारका लागि आर्थिक सवलीकरण कार्यक्रमका लागि दरखास्त आह्वान**

कोशी प्रदेश सामाजिक विकास मन्त्रालयको च.नं. १८६५, मिति २०८२।०२।०२ को पत्रानुसार मन्त्रालयको आ.व. ०८१/८२ को स्वीकृत वार्षिक कार्यक्रम अनुसार महिला बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयसँगको अपाङ्गता रोकथाम तथा पुन:स्थापना साझेदारी कार्यक्रम अन्तर्गत अपाङ्गता भएका व्यक्तिहरूको जीविकोपार्जन सुधारका लागि आर्थिक सवलीकरण कार्यक्रम सञ्चालन गर्न प्रति स्थानीय तह रु. ९५८९०।– का दरले बजेट विनियोजन भएको हुँदा सूर्योदय नगरपालिका क्षेत्रभित्रका जीविकोपार्जनका लागि सीप विकास तालिम लिई उद्यम/ व्यवसाय सञ्चालन गर्दै गरेका वा सीप सिकेर पुँजीको अभावमा नयाँ उद्यम/ व्यवसाय सञ्चालन गर्न नसकेका वा रोजगारीमा जान चाहने अपाङ्गता भएका व्यक्तिहरूलाई तपसिल अनुसारको सीमामा रही अनुसूचि १ बमोजिमको ढाँचामा आजको मितिले १० (दस) दिनभित्र यस कार्यालयमा दरखास्त दिनुहुन आह्वान गरिएको व्यहोरा सम्बन्धित सबैको जानकारीका लागि सूचित गरिन्छ।

**योग्यता:**

१. सूर्योदय नगरपालिका स्थायी नेपाली नागरिक

२. सेतो वा पहेलो अपाङ्गता परिचयपत्र पाएका

३. निलो र रातो अपाङ्गता परिचयपत्र पाएकाको हकमा एकाघर परिवारको सदस्य

४. उद्यम/ व्यवसाय सञ्चालन गर्दै गरेका वा सीप सिकेर पुँजीको अभावमा नयाँ उद्यम/ व्यवसाय सञ्चालन गर्न नसकेका

तारा शेर्पा
अधिकृत छैटौं


सम्पर्क : ०२७ ५४०२१४, ५४०४७३ | Contact : +977 27 540214, 540473
E-mail: info@suryodayamun.gov.np, suryodayamun@gmail.com | Website: www.suryodayamun.gov.np